# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ८७ | काठमाडौं | बुधबार, ३ साउन २०८० | Prabhab National Daily | Wednesday, July 19, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

फोहोर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ ।

**त्यसैले :**

- खोला, धारा वा मुलको पानी सीधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# हवातै बढ्यो डेंगु संक्रमण

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पछिल्लो समय डेंगु संक्रमण बढेको पाइएको छ । पानी लगातार पर्न थालेपछि डेंगु संक्रमण उच्च भएको हो । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक रुद्रप्रसाद मरासिनीले एक हप्ता यता संक्रमण बढेको बताए ।

**कुन प्रदेशमा कति संक्रमित**

| | |
|---|---|
| कोशी | १,७४६ |
| बागमती | ४६८ |
| सुदूरपश्चिम | २७९ |
| गण्डकी | २६९ |
| लुम्बिनी | १३४ |
| कर्णाली | १८ |
| मधेस | १६ |

उनका अनुसार लगातार परिरहेको पानीले गर्दा सरसफाइमा ध्यान पुग्न सकेको छैन । सोही कारण संक्रमण दैनिक बढिरहेको छ । पानी परेसँगै पानी जम्ने र जमेको पानीमा लामखुट्टेका लार्भा बढ्न थालेर संक्रमण दिनानुदिन बढिरहेको निर्देशक मरासिनीले जानकारी दिए ।

डेंगु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ । ती फुल लार्भा बन्छ र त्यही लार्भा वयस्क भएपछि मानिसलाई टोक्छ र डेंगु संक्रमण हुन्छ । एक हप्तामा बीचमा एक हजारभन्दा बढी डेंगुका बिरामी भेटिएका छन् ।

महाशाखाका अनुसार यही असार २७ गते एक हजार ३३७ संक्रमण भएकोमा साउन १ गते सम्म आइपुग्दा संख्या बढेर दुई हजार ९३० जनामा डेंगुको संक्रमण देखिएको छ ।

यसपटक कोशी प्रदेशमा संक्रमण बढेको पाइएको छ । कोशी प्रदेशमा एक हजार ७४६, बागमती प्रदेशमा ४६८, सुदूरपश्चिम प्रदेशमा २७९, गण्डकी प्रदेशमा २६९, लुम्बिनी प्रदेशमा १३४, कर्णाली प्रदेशमा १८ जना र मधेस प्रदेशमा १६ जनामा संक्रमण देखिएको छ ।

**१० जिल्लामा बढी संक्रमण**

नयाँ देखिएका बिरामीमध्ये ८२ प्रतिशत बिरामी १० जिल्लाका रहेका छन् । सबभन्दा बढी सुनसरी जिल्लामा एक हजार ५७१, धादिङ २५६, दार्चुला १८८, कास्की १४९, संखुवासभा ५८, काठमाडौंमा ४६, कञ्चनपुर ३९, भक्तपुर ३५, म्याग्दी ३५ र झापा ३२ जनामा डेंगुका बिरामी भेटिएका छन् ।

नेपालमा पहिलोपटक सन् २००४ मा एक जनामा डेंगु देखिएको थियो । मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैं झुल टाँगेरमात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ । सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढंगले पाल्न र घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने आग्रह गरेको छ ।

कांग्रेस केन्द्रीय समिति

# सत्ताको माहोल नबिगार्न दबाब



धेरै ठूलो मिहेनत गरेर अनुकूल स्थिति निर्माण भएको छ । यसलाई सच्याउने, सुधार गर्ने कुरामा लागौं । हाम्रा गतिविधि, हाम्रा बोलीबाट कत्ति पनि यो राजनीतिक परिस्थिति, भत्किने बिग्रिने तहमा पुग्ने गरी जान हुँदैन ।

■ **पूर्णबहादुर खड्का**
**उपसभापति**



एमाले परिपक्व त छ, तर उसमा धैर्यको कमी देखिन्छ । बीचैमा सत्ता गुमाउनुपर्दा उसमा आक्रामकता छ । अरू प्रतिपक्षीहरु आक्रामक छन्, अधैर्य छन् र अपरिपक्व पनि छन् ।

■ **रमेश लेखक**
**प्रमुख सचेतक**



**केन्द्रीय कार्यालय सानेपामा जारी कांग्रेस केन्द्रीय समिति बैठक ।** *तस्बिर: प्रभाव*

■ **प्रभाव संवाददाता**

- कांग्रेस केन्द्रीय समिति पहिलोपटक प्रत्यक्ष प्रसारण
- विभाग थप्न र सदस्य बढाउन गगनको प्रस्ताव
- कांग्रेस बैठक वर्षमा दुईपटक उपत्यकाबाहिर गर्न प्रस्ताव

**काठमाडौं–** मुलुकको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले झण्डै वर्ष दिनपछि केन्द्रीय समिति बैठक राखेको छ । गत भदौ ५ गतेपछि बस्न नसकेको केन्द्रीय समिति बैठक एकैपटक मंगलबार (साउन २ गते) सुरु भएको हो । कांग्रेसको विधानअनुसार प्रत्येक दुई महिनामा एकपटक केन्द्रीय समिति बस्नैपर्ने बाध्यकारी नियम छ । तर, विविध कारण देखाउँदै कांग्रेसले पुसबाट लगातार स्थगित गर्दै आएको केन्द्रीय समिति साउनबाट भने तातो लागेको देखिन्छ ।

**केन्द्रीय समिति प्रत्यक्ष प्रसारण**

कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक पार्टी केन्द्रीय कार्यालय सानेपामा मंगलबारदेखि सुरु भएको छ । उसले पहिलोपटक केन्द्रीय समिति आफ्नो फेसबुक पेजबाट प्रत्यक्ष प्रसारणसमेत गरेको छ । कतिपयले नेपाली राजनीतिक इतिहासमा पार्टीको केन्द्रीय समितिको बैठक पहिलोपटक प्रत्यक्ष प्रसारण गरिएको हो ।

बैठकमा महामन्त्री विश्वप्रकाश शर्माले बैठकका कार्यसूचीबारे जानकारी गराए भने अर्का महामन्त्री गगन थापाले सांगठनिक प्रस्ताव प्रस्तुत गरे ।

बैठकमा नेता गोपालमान श्रेष्ठले पार्टीको निर्वाचन परिचालन समितिले तयार गरेको प्रतिवेदन प्रस्तुत गरे भने नेता आनन्दप्रसाद ढुंगानाले अनुशासन समितिले तयार गरेको कामबारे जानकारी गराए ।

यसैगरी प्रतिनिधिसभा बैठकमा पार्टीको भूमिकाका विषयमा प्रमुख सचेतक रमेश लेखकले र सरकारमा पार्टीको भूमिकाका बारेमा पार्टीका उपसभापति एवं उपप्रधानमन्त्री पूर्णबहादुर खड्काले जानकारी गराउँदै आफ्ना धारणा राखे ।

**यी हुन् छलफलका विषय**

कांग्रेस केन्द्रीय समितिमा छलफलका लागि विभिन्न १० कार्यसूची तय गरिएका छन् । सोमबार पार्टी सभापति शेरबहादुर देउवाको निवास धुम्बाराहीमा बसेको बैठकमा १० विषय तय गरिएको थियो ।

विभाग गठन, पार्टीको राष्ट्रिय अभियान घोषणा, अनुशासन समितिको प्रतिवेदन, (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# विमानस्थलबाट फर्काइएका श्रमिक पुनः जान पाइने

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** वैदेशिक रोजगार विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फर्काइएका श्रमिकहरूलाई वैदेशिक रोजगारीका लागि पुनः विदेश पठाउनका लागि सहजीकरण गरिदिन अध्यागमन विभागलाई आग्रह गरेको छ । विभागले मंगलबार पत्राचार गर्दै उक्त आग्रह गरेको हो ।

सम्पूर्ण प्रक्रिया पूरा गरी रोजगारीका लागि श्रम स्वीकृति लिएर कुवेत हिँडेका श्रमिकलाई रोक्नु मनासिव नदेखिएको उल्लेख गर्दै पुनः पठाउन सहजीकरण गरिदिन विभागले पत्राचार गरेको हो ।

कागजात शंकास्पद देखिएको भन्दै अध्यागमन कार्यालयले असार २७ र २८ गते ११७ जना श्रमिकहरूलाई विमानस्थलबाटै फर्काएको थियो । त्यसअघि असार २४ गते जोर्डन हिँडेका १५ जनालाई फर्काइएकोमा पछि उनीहरूलाई अध्यागमन आफैंले जाने प्रबन्ध मिलाएको थियो । लामो प्रक्रिया पूरा गरी श्रम स्वीकृति लिएर विदेश हिँडेका श्रमिकलाई रोकिएकोप्रति वैदेशिक रोजगार विभागको ध्यानाकर्षण भएकाले सहजीकरणका लागि पत्राचार गरिएको निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले जानकारी दिए । 'सहजीकरणका लागि अध्यागमन विभागलाई आज पत्राचार गरेका छौं,' उनले मंगलबार प्रभावसँग भने, 'अब रोकिएका श्रमिकहरू दुई-चार दिनभित्रमा विदेश जान पाउँछन् भन्ने विश्वास गर्न सकिन्छ ।'

संस्थागतरूपमा श्रम स्वीकृति लिएका श्रमिकलाई कुवेतलगायत खाडी मुलुकमा जान अब समस्या नहुने र रोकिएकाहरूको पनि भिसा समाप्तीको अवधिलाई ध्यानमा राखेर केही दिनभित्रै कुवेत जाने बतावरण बन्ने सुवेदीले बताए । कार्यक्षेत्रको अधिकारलाई लिएर उत्पन्न भएको विवाद हल गर्न एक हप्ताभित्र दुई विभागबीच छलफल गर्ने उनको भनाइ छ । क्षेत्राधिकार प्रस्ट हुँदाहुँदै पनि अध्यागमन विभागले कार्यक्षेत्र नाघेर प्रवेश गरेको स्वीकार गर्दै विज्ञप्ति निकालेको भन्दै उनले अब समस्या समाधान हुने विश्वास व्यक्त गरे ।

सबै कानुनी प्रक्रिया पुरा गरी रोजगारीका लागि विदेश हिँडेका श्रमिकलाई विनाकारण रोक्नुको कुनै अर्थ नभएको भन्दै वैदेशिक रोजगार व्यवसायी संघले अध्यागमन विभागविरुद्ध प्रदर्शन नै गरेको थियो । आन्दोलनपश्चात् अझ कठोररूपमा थप कागजातको प्रक्रियासहित श्रमिकलाई विदेश जान दिने विज्ञप्ति निकालेको अध्यागमन विभागलाई वैदेशिक रोजगार विभागले कार्यक्षेत्र स्मरण गराएको थियो । विभागको विज्ञप्तिपश्चात् पछि हटेको अध्यागमनले पुनः विज्ञप्ति निकाल्दै आफ्नो कार्यक्षेत्रअनुसार जिम्मेवारी पुरा गर्न प्रतिबद्धता जनाएको छ भने यससँगै रोकिएका कामदार जाने बाटो खुलेको छ ।

विनाकारण शंकाकै भरमा विमानस्थलबाटै फर्काइनुले श्रमिकहरूलाई आर्थिक तथा मानसिक क्षति पुगेको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'अध्यागमनको गैरजिम्मेवारीका कारण १५ जनाभन्दा बढीको भिसा अवधि समाप्त भयो, सबैको गरी एक करोडजति टिकटको पैसा खेर गयो, यसको जिम्मेवारी कसले लिन्छ,' उनले प्रश्न गरे । संस्थागत श्रम स्वीकृति लिएका श्रमिक विदेश गइरहेको भन्दै उनले रोकिएकाहरूलाई पनि पुनः टिकट काटेर पठाउने प्रक्रिया सुरु गरिने जानकारी दिए ।

# युएईस्थित नेपाली दूतावासको कार्यसम्पादन

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली राजदूतावासले असार महिनाको कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ । दूतावासले २०८० असार महिनामा सम्पादन भएका प्रमुख सेवाहरूको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो ।

नेपालीहरूको प्रमुख श्रम गन्तव्यहरूमध्ये एक युएईमा रहेको नेपाली दूतावासले आफूले गरेका प्रमुख कार्यसम्पादनको विवरण महिनैपिच्छे सार्वजनिक गर्दै आइरहेको छ । दूतावासले नेपालीहरूको समस्या समाधान तथा सहजीकरणमा गरेको कार्यसम्पादन तथा प्रगति विवरणमा असारमा तीन हजार ६०५ पासपोर्ट नवीकरणका लागि संकलन भएको उल्लेख गरिएको छ । साथै, तीन हजार २६६ वटा पासपोर्ट नवीकरणपश्चात् वितरण गरिएको जनाएको छ ।


त्यस्तै ३६ जनालाई भिसा प्रदान गरिएको छ भने ९० जनाको ट्राभल डकुमेन्ट बनाइएको छ विवरणमा उल्लेख छ । यसैगरी १५२ जनाको कागजात प्रामाणीकरण गरिएको, संस्थागतरूपमा आएका १५८ वटा मागपत्र प्रमाणीकरण भएको, ८७ वटा समूहगत भिसा प्रमाणीकरण गरेको दूतावासले असार महिनामा विभिन्न कारणले युएईमा मृत्यु भएका नेपालीहरूको १५ वटा शव व्यवस्थापन भएको उल्लेख गरेको छ । यस्तै विभिन्न माध्यमबाट आएका ५३१ वटा गुनासा तथा उजुरीहरूको सम्बोधन गर्दै असारमा श्रमिकहरूलाई क्षतिपूर्ति र बिमाबापत लाख ५६ हजार ३८४ एइडी अर्थात् झण्डै ९१ लाख ७० हजार रूपैयाँ खर्च भएको दूतावासले विवरणमा समेटेको छ ।

**'राहदानी वितरणमा कुनै शुल्क लाग्दैन'**

यस्तै साउदी अरेबियाको रियादस्थित नेपाली राजदूतावासले नवीकरणपश्चात सम्बन्धित व्यक्तिलाई राहदानी वितरण गर्दा कुनै शुल्क नलाग्ने बताएको छ । राहदानी वितरण गर्दा श्रमिकसँग कतिपय व्यक्ति र संस्थाले अनधिकृत रकम असुल्ने गरेको गुनासो आएको भन्दै दूतावासले यसमा कुनै शुल्क नलाग्ने प्रस्ट पारेको छ ।

दूतावासले राहदानी नवीकरणका लागि आवेदन दिँदा नै सम्पूर्ण राजस्व बुझाइसकेपछि कहीं कतै पुनः शुल्क बुझाउनु नपर्ने भन्दै ठगी हुनबाट जोगिन सम्बन्धित सबैलाई आग्रह गरेको छ । राहदानी लिँदा कुनै पनि शुल्क नतिर्न अनुरोध गर्दै दूतावासले यदि कोही व्यक्ति वा संघसंस्थाले सेवाको नाममा अनधिकृतरूपमा रकम लिएमा त्यो ठगी हुने र त्यसको जबाफदेहिता स्वयं व्यक्ति वा संस्था हुने उल्लेख गरेको छ । राहदानी वितरणमा कुनै शुल्क नलाग्ने बताउँदै अनधिकृत रकम नतिर्न सजग गराएको दूतावासले त्यस्तो कार्यमा संलग्नलाई कारवाही गर्नेसम्बन्धमा भने कुनै प्रतिबद्धता जनाएको छैन ।



**मच्छेनारायण मन्दिरमा भक्तजन** | काठमाडौंको चन्द्रागिरि नगरपालिका–९ मच्छेगाउँस्थित मच्छेनारायण मन्दिरमा मंगलबार पूजा आराधना गर्दै भक्तजन । *तस्बिरः हरिराम भेटुवाल⁄रासस*

# काठमाडौं महानगरले तोक्यो पार्किङ शुल्क

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका क्षेत्रभित्रका व्यावसायिक भवन, अस्पताललगायत स्वास्थ्य सेवा प्रदायक संस्थाले सेवाग्राहीलाई निःशुल्क पार्किङ सेवा उपलब्ध गराउनुपर्ने भएको छ । महानगरको आर्थिक ऐन, २०८० ले बहुतले आवासीय वा व्यावसायिक भवनमा रहेका व्यवसाय र सेवा प्रदायकलाई सम्बद्ध सेवाग्राहीसँग सवारीसाधन पार्किङबापतको शुल्क संकलन गर्न निषेध गरेको छ । सो ऐन सोमबारदेखि कार्यान्वयनमा आएको छ ।

व्यावसायिकरूपमा सवारीसाधन पार्किङ प्रयोजनका लागि भवन निर्माण गरेमा भवन निर्माण सम्पन्न भएको मितिले पार्किङ प्रयोजनका लागि प्रयोग हुने क्षेत्रको १० वर्षसम्म सम्पत्ति कर छुट हुने व्यवस्था गरिएको छ । ऐनले सार्वजनिक सडकमा सवारीसाधन पार्किङ सञ्चालन गर्न अनुमति नपाइने व्यवस्था गरेको छ ।

महानगरपालिकाले अन्य सम्भावित क्षेत्र पहिचान गरेर पैदलमार्ग (फुटपाथ)बाहेक सवारी आवागमनमा अवरोध नहुनेगरी नगर कार्यपालिकाले मापदण्ड तोकेर पार्किङ सुविधा उपलब्ध गराउन सक्ने ऐनमा व्यवस्था गरिएको छ । पार्किङ गराउँदा क्षेत्रगत आधारमा स्पष्ट रेखांकन गरेर प्रवेश र बहिर्गमन फरक-फरक हुने गरी प्रविधि प्रयोग गरेर व्यवस्थापन गर्नुपर्नेछ ।

महानगरले भित्री तथा बाहिरी क्षेत्रमा सवारी पार्किङको शुल्क पनि तोकेको छ । नयाँसडक, धर्मपथ, कान्तिपथ, दरबारमार्गलगायत भित्री सहरी क्षेत्र (त्रिपुरेश्वर, रत्नपार्क, भोटाहिटी, केशरमहल लैनचौरसम्म) काठमाडौंको मध्य भागका तोकिएका स्थानलाई क्षेत्र नं १ मा राखिएको छ । यस क्षेत्रमा सवारीसाधन पार्किङ गरेबापत दुईपांग्रेका लागि पहिलो आधा घण्टासम्म १५ रूपैयाँ र प्रतिघण्टा २५ रूपैयाँ कायम गरिएको महानगर प्रमुख बालेन्द्र साहले जानकारी दिए । चारपांग्रेका लागि पहिलो आधा घण्टासम्म ५० रूपैयाँ र प्रतिघण्टा ८० रूपैयाँ कायम गरिएको छ ।

सोस्थानबाहेकका महानगरपालिका क्षेत्रभित्रका अन्य ठाउँलाई क्षेत्र नं २ मानिएको छ । यी क्षेत्रमा दुईपांग्रे सवारीसाधन पार्किङ गरेबापत प्रतिघण्टा १५ रूपैयाँ, चारपांग्रेका लागि ४० रूपैयाँ र चारपांग्रेभन्दा ठूला सवारीका लागि प्रतिघण्टा १०० रूपैयाँ कायम गरिएको छ ।

अपांगता भएका व्यक्तिले प्रयोग गर्ने सवारीसाधनलाई पार्किङ शुल्क लाग्ने छैन । यस्तै आपत्कालीन सेवाका सवारीसाधन र महानगरपालिकाले तोकेको अन्य सवारीसाधनलाई निःशुल्क पार्किङको व्यवस्था हुने महानगरले जनाएको छ ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०३/२९ गते गोकर्णेश्वर न.पा ८, प्रगतिचोक स्थित आफ्नै डेरा कोठा अगाडि पार्किङ गरीराखेको अवस्थामा २२० F पल्सर कालो, रातो रंगको मोटरसाइकल दिउँसोको करिब १२:०० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

धनीको नाम : दिपेन पाख्रिन
बाइक नं.: बा प्र. ०२-०४१ प ००८८
च्यासिस नं.: MD2A13EX6MC395915
इन्जिन नं. : DKXCMJ33168
सम्पर्क: ९८५१०६४१७१

## बाइक हरायो

तपसिल बमोजिम मेरो निम्न व्यहोरा भएको बाइक हराएको हुँदा पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

हराएको स्थान : भक्तपुर मध्यपुर ठिमी न.पा. १, लोकन्थली मनोहरा
हराएको मिति : २०८०/०३/२९ गते राति १०:५३

नामः देव किशोर महतो
बाइक नं: प्रदेश ३-०२-००४ प १२९१ (NS पल्सर 200 CC)
इन्जिन नं: JLXCMK02783
च्यासिस नं: MD2A36FXXMCK82925
बाइकको रङ्ग: रातो
फोन नं: ९८४७७५७१९६

## कार्यक्रमको नाम परिवर्तन सम्बन्धमा दाबी विरोध गर्ने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/०२) (दोश्रो पटक प्रकाशित मितिः २०८०/०४/०३)

मिति २०८०/०३/३१ को सञ्चालक समितिको निर्णय बमोजिम पाटन कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि. (प्रा.लि. नं. १०६३६५/०६९/०७०) र यस अन्तर्गत सञ्चालित संस्था, पाटन कलेज फर प्रोफेशनल स्टडिजमा हाल संचालनमा रहेका कार्यक्रमहरु विश्वविद्यालय (University of Bedfordshire) ले B. Sc (Hons.) Computer Science & Software Engineering को कार्यक्रम B.Sc (Hons.) Software Engineering र B. Sc (Hons.) Computer Science मा र BA (Hons.) Business Administration को कार्यक्रम B. Sc. (Hons.) Business Management मा परीवर्तन गर्ने भएकोले सो अनुसार यस कलेजमा सोही अनुसार परिवर्तन गर्ने निर्णय भई प्रक्रिया अगाडि बढेकाले त्यसमा कसैको दाबी विरोध भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालयमा वा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखामा प्रथम पटक प्रकाशित मितिले ३५ दिनभित्र सम्पर्क गरी निवेदन दिनुहुन यसै सूचना साथ अनुरोध गरिन्छ ।

**पाटन कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि.**
ल.म.न.पा, वडा नम्बर १०, कुपण्डोल, ललितपुर । फोन नं. :०१५१८१०३३


## सत्ताको माहोल...

पृष्ठ १ बाट जारी

समसामयिक राजनीतिक, कार्यसम्पादन समिति बैठकबाट भएका निर्णय अनुमोदन, सांगठनिक कार्ययोजना र कार्यतालिका, नीति अधिवेशन, पार्टीको निर्वाचन परिचालन समितिले तयार गरेको प्रतिवेदन विषय हुन् ।

पहिलो दिन बैठकमा उपसभापति एवं उपप्रधानमन्त्री पूर्णबहादुर खड्काले मंसिर ४ को निर्वाचन परिणामपश्चात् विकसित घटनाक्रम र सरकारको गतिविधिबारे, आनन्दप्रसाद ढुंगानाले केन्द्रीय अनुशासन समितिको प्रतिवेदन र संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले संसद्मा पार्टीको गतिविधिसम्बन्धी प्रतिवेदन प्रस्तुत गरे । दोस्रो दिन आज नीति अधिवेशनदेखि महामन्त्री थापाले प्रस्तुत गरेको प्रस्तावबारे छलफल हुने बताइएको छ ।

### प्रतिपक्षी आक्रामक छन् : लेखक

बैठकमा कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले संसद्मा कांग्रेसको भूमिका र प्रतिपक्षीको विषयमा आफ्नो धारणा राखे । लेखकले प्रतिपक्षीहरू आक्रामक, अधैर्य र अपरिपक्व रहेको टिप्पणी गरे । यस्तो अवस्थामा कांग्रेसले जिम्मेवार भएर संसद्मा नेतृत्वदायी भूमिका खेल्नुपर्ने लेखकको सुझाव रह्यो । 'एमाले परिपक्व त छ, तर उसमा धैर्यको कमी देखिन्छ । बीचैमा सत्ता गुमाउनुपर्दा उसमा आक्रामकता छ । अरु प्रतिपक्षीहरू आक्रामक छन्, अधैर्य छन् र अपरिपक्व पनि छन्,' लेखकले भने ।

लेखकले रास्वपा, नागरिक उन्मुक्ति, जनमत पार्टीलगायतलाई संकेत गर्दै उनीहरूले संसदीय प्रक्रिया बुझ्न अझै समय लाग्नसक्ने तर्कसमेत गरे ।

### सत्तामा असर पुग्नेगरी नबोल्नु : उपसभापति खड्का

पार्टीको नेतृत्व गर्दै सरकारमा गएको उपसभापति पूर्णबहादुर खड्काले सत्ताको राजनीतिक वातावरण बिग्रनेगरी नबोल्न नेताहरूलाई आग्रह गरे । उपप्रधान तथा रक्षामन्त्री खड्काले कांग्रेस सरकारमा रहेकोले बोली र व्यवहारमा सतर्क रहन आग्रह गरेका हुन् । 'पार्टीको संगठन, निष्ठा र प्रभावमा हामी सरकारमा गएकाको भूमिका, हाम्रो बोली, जीवनशैली, निर्णयशैलीले असर पार्छन् यसमा सतर्क हुन जरुरी छ,' खड्काले भने ।

बजेट पारित गर्नका लागि कांग्रेसले अप्ठ्यारो परिस्थिति पार गरेको सम्झाउँदै उनले यसलाई कार्यान्वयन गर्नसमेत कांग्रेसको जिम्मेवारी रहेको बताए । 'बजेटमा व्यवहारतः गर्नुपर्ने परिमार्जनहरू, बजेटलाई कानुनीरूपमा मिलाउनसक्ने कुरालाई ध्यानमा राखेर बजेट कार्यान्वयन गर्नुपर्ने अवस्था छ,' खड्काले भने, 'तुलनात्मक रूपमा अरु दलभन्दा कांग्रेसको भूमिकाले जोडिएका दलहरूलाई विश्वासमा लिएर जानुपर्ने वातावरण बनाउनुपर्नेछ ।'

गत पुस १० मा माओवादीले कांग्रेससँग गठबन्धन तोडेको थियो । पछि माओवादी पुनः कांग्रेस गठबन्धनमै आएपछि अहिले एमाले सत्ताबाहिर रहेको छ । एमालेले लिएको प्रदेशको नेतृत्वहरू कांग्रेसले खोसेको छ । यस्तो अवस्थामा गठबन्धनलाई नै असर पार्ने काम कारबाही नगर्न र अभिव्यक्ति नदिन नेताहरूलाई आग्रह गरेका हुन् ।

'धेरै ठूलो मिहेनत गरेर अनुकूल स्थिति निर्माण भएको छ । यसलाई सच्याउने, सुधार गर्ने कुरामा लागौं,' प्रदेश र संघीय सरकारमा सत्ताबाहिर भएको दुई⁄अढाइ महिनामा पार्टीका आमकार्यकर्ताको मनोदशा कस्तो थियो भन्ने सम्झिनुपर्ने भन्दै उनले भने, 'तर, मेरो आग्रह छ, हाम्रा गतिविधि, हाम्रा बोलीबाट कत्ति पनि यो राजनीतिक परिस्थिति, भत्किने बिग्रिने तहमा पुग्नेगरी जान हुँदैन ।'

### गगनको प्रस्तावः विभाग ७०, सात लाख सदस्य थप्ने

महामन्त्री गगन थापाले कांग्रेसको 'विधान कार्यान्वयन र पार्टीको सुदृढीकरणका सन्दर्भमा' सांगठनिक कार्यतालिका प्रस्तुत गरे । कांग्रेसको क्यालेण्डरका रूपमा लिइएको कार्यतालिकामा सात लाख सदस्य थप्ने लक्ष्यका साथ एक वर्षे अभियान चलाउने प्रस्ताव गरिएको छ ।

त्यसैगरी कांग्रेसको केन्द्रीय कार्यसमिति वर्षमा दुई वटा काठमाडौं उपत्यकाबाहिर गर्ने प्रस्ताव थापाले गरेका छन् । त्यसैगरी पार्टीमा २२ वटा विभाग थप गर्ने प्रस्तावसमेत उनले गरेका छन् । प्रस्तावित थप विभागहरूमा न्याय तथा मानवअधिकार विभाग, नवीनतम प्रविधि र नवप्रवर्तन समन्वय विभाग, सामाजिक-सांस्कृतिक अभियान विभाग, विकास तथा पूर्वाधार विभाग, सुशासन विभाग, सहकारी विभाग, उद्यमशीलता र साना तथा मझौला व्यवसायी विभाग विकास विभाग रहेका छन् ।

त्यस्तै, विपद् व्यवस्थापन विभाग, ऊर्जा तथा जलस्रोत विभाग, युवा तथा किशोर-किशोरी विभाग, भूपू प्रहरी विभाग, ज्येष्ठ नागरिक समन्वय विभाग, जलवायु परिवर्तन र वातावरणीय सन्तुलन सरोकार विभाग र पूर्वआप्रवासी समन्वय विभाग थप गर्न लागिएको छ ।

कांग्रेसमा नै यसअघि ४८ विभाग छन् । विधानअनुसार कांग्रेसका हरेक विभाग महाधिवेशन सम्पन्न भएको छ महिनापछि गठन भइसक्नुपर्ने छ । जबकि, महाधिवेशन सम्पन्न भएको दुई वर्ष पुग्न लाग्दा बल्ल सूचना, सञ्चार तथा प्रचार विभागमात्रै गठन भएको छ ।

### रूपान्तरण अभियानले बुझायो प्रतिवेदन

कांग्रेसका केही नेता सम्मिलित रूपान्तरण अभियानले पार्टी रूपान्तरणका लागि विभिन्न सुझावसहितको प्रतिवेदन पार्टी केन्द्रीय कार्यालयमा बुझाएको छ । कांग्रेस केन्द्रीय कार्यसमिति बैठकअघि अभियानमा रहेका नेताहरूले पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलमार्फत नेतृत्वलाई प्रतिवेदन बुझाएको अभियानका युवा नेता भुपेन्द्रजंग शाहीले जानकारी दिए ।

अभियानअन्तर्गत नेताहरूले सातवटै प्रदेशमा विभिन्न चरणको छलफल तथा अन्तरक्रिया गरी सुझाव संकलन गरेका थिए । प्रतिवेदनमा पार्टीलाई समयसापेक्ष सुधार गरी रूपान्तरणका आकांक्षा र आवश्यकतालाई सम्बोधन गर्न आग्रह गरिएको छ ।

यसैगरी पार्टीका मूल्य मान्यता, आदर्श र सिद्धान्तलाई कुनै पनि सर्तमा कहिल्यै कोहीसँग पनि सम्झौता गर्न नहुने, लोकतान्त्रिक समाजवाद उन्मुख राष्ट्र निर्माणका सुत्र अगाडि सार्नुपर्ने, चुनावी घोषणापत्र कार्यान्वयनलाई अर्जुनदृष्टि बनाउनुपर्ने, विधानमा भएअनुसार पार्टीका सबै संरचनालाई पूर्णता दिनुपर्नेलगायत सुझाव प्रतिवेदनमा उल्लेख छन् ।

पार्टी रूपान्तरणका लागि प्राप्त सुझावलाई पार्टीको औपचारिक संरचनाभित्र थप छलफल र निर्णय गरेर कार्यान्वयन गर्न अनुरोध गरिएको छ । उक्त अवसरमा पार्टीका नेता मधु आचार्य, गुरुराज घिमिरे, जगदिशनरसिंह केसी, भरतबहादुर खड्का, रीता शाहीलगायत उपस्थित थिए ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

साउन ३ गते २०८०, बुधबार

| | |
|---|---|
| **मेष** | विद्यार्थीका लागि राम्रो योग छ । |
| **वृष** | रोकिएको काम बन्नेछ । |
| **मिथुन** | टाढाको यात्रा फलदायी ह'नेछ । |
| **कर्कट** | सामाजिक कार्यमा समय बित्नेछ । |
| **सिंह** | शैक्षिक प्रगति तर आर्थिक क्षति ह'नसक्छ । |
| **कन्या** | स्वास्थ्यमा समस्या आउनसक्छ । |
| **तुला** | नयाँ कामको थालनी ह'नेछ । |
| **वृश्चिक** | सवारीसाधन चलाउँदा ध्यान दिन'होला । |
| **धनु** | मित्रजन र आफन्तसँग भेटघाट ह'नेछ । |
| **मकर** | आर्थिक क्षेत्रमा प्रगति ह'नेछ । |
| **कुम्भ** | सामाजिक प्रतिष्ठामा दाग आउनसक्छ । |
| **मीन** | नजिकको मान्छेबाट धोका ह'नसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन ३ गते, २०८०, १९ जुलाई, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिंगेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# खुदोले चिनिएको गाउँ ढोडबेँसी र मालेपाटन

■ ऋषिराम बराल



**लेखनाथ–** पोखरा-३२ मालेपाटन निवासी ७५ वर्षीय लालकान्त अधिकारीले उखु खेती गर्न थालेको ५० वर्ष पुगिसक्यो, बाबुबाजेका पालादेखि अँगाल्दै आएको उखु खेती उमेरले नेटो काटिसक्दा पनि उनले छाड्न सकेका छैनन् ।

'चार छोरा, बुहारी र नातिनातिनी छन् तर उनीहरू उखु खेती गर्दैनन्, उखु खेती गर्न दुःख छ, दुईपटक त गोडमेल नै गर्नुपर्छ, रोगका किराबाट जोगाउनुपर्छ, उत्पादन हुन कम्तीमा १० महिना कुर्नुपर्छ, तर आम्दानी भने धानभन्दा दोब्बर हुन्छ,' कृषक अधिकारीले भने, 'अघिल्लो वर्ष चार रोपनीमा लगाएको उखु र खुदो बिक्रीबाट साढे दुई लाख रूपैयाँ आम्दानी गरेँ ।'

'पुरानो जमाना त्यतिबेला पैसा देख्न पाइँदैन्थ्यो, खेतमा सिँचाइ पनि थिएन, पुर्खाहरूले धानको विकल्पमा उखु खेती गर्दै आएका रहेछन्, वर्षभरि उखु खेती गरी उत्पादन गरेको खुदो बिक्रीबाट छोराछोरीको शिक्षादीक्षा, पालनपोषण र वर्षभरि लागेको ऋण तिर्ने गरेको इतिहास पोखरा-३२ को मालेपाटन र ढोडबेँसीले बोकेका छन्,' अधिकारीले भने, 'युवा पुस्ता उखु खेतीभन्दा पनि विदेश जान रुचाउने गर्छन् ।'

ढोडबेँसी र मालेपाटनमा उत्पादित खुदो पोखरा बजारमा प्रख्यात छ, पुस १५ र माघे संक्रान्तिमा घरबाट खुदो खोसाखोस हुने गरेको उखु किसान यज्ञप्रसाद अधिकारीको भनाइ थियो । विगतका दिनहरूमा खुदो बिक्रीका लागि गाग्री र टिनहरूमा बोकेर पोखरा बजार जानुपर्थ्यो तर १५ वर्षयता गाउँबाट नै बिक्री हुने गरेको छ, बाँकी रहेको खुँदो स्थानीय मालेपाटन कृषि सहकारी संस्थाले प्रशोधन गरी बिक्रीका लागि बजारमा लाने गरेको छ ।

यतिबेला ढोडबेँसीमा ३०० र मालेपाटनमा १०० रोपनी जमिनमा उखु खेती गरिँदै आएको छ । उखु खेती प्रतिवर्ष घट्दो क्रममा छ । यहाँका ७० भन्दा बढी किसान व्यावसायिक उखु खेतीमा लागेका छन् । पोखरा महानगरपालिकाको यस वर्ष एक वडा एक पकेट क्षेत्र कार्यक्रमअन्तर्गत पोखरा-३२ को ढोडबेँसी र मालेपाटनलाई उखु पकेट क्षेत्र घोषणा गरी कृषि अनुदान सहयोग सुरु गरेको छ । चार सय रोपनी जमिनमा लगाइएको उखुबाट वार्षिक दुई करोड रूपैयाँको खुदो उत्पादन हुने गरेको किसान पद्मराज तिवारीले सुनाए ।

उखु खेतीसँगै उनीहरूले पशुपालनसमेत अगाडि बढाएका छन् । कास्कीमा व्यावसायिक रूपमा उखु खेती गरिने एकमात्र ठाउँ भनेकै ढोडबेँसी र मालेपाटनलाई मानिँदै आइएको छ । स्थानीय किसान मोहन धमालाले भने, 'चैत, वैशाखदेखि उखु खेतीको तयारी सुरु गरी पुसमाघसम्म बाली भित्र्याउँछौं ।' उखुलाई अन्य बालीमा जस्तो पर्याप्त सिँचाइको आवश्यकता पर्दैन । खेतीयोग्य फाँट भए पनि ढोडबेँसीमा सिँचाइ सुविधा छैन । तराईमा उखुबाट चिनी वा सक्खर बनाइन्छ । पहाडमा भने उखुबाट खुदो नै बनाइन्छ । उखुका लाक्रा पनि बिक्छन् । पहाडमा चाम्रे बनाउँदा पनि खुँदो हाल्ने चलन छ । कोदाको ढिँडोलाई खुँदोमा डुबाएर खाने पनि गरिन्छ ।

उखुको पकेट क्षेत्र घोषणा गर्दै पोखरा महानगरपालिकाले उखु किसानलाई प्रोत्साहन, रोग तथा किरा नियन्त्रण र प्याकेजिङका लागि गत सोमबार १० लाख २० हजार रूपैयाँ प्रदान गरेको थियो । महानगरपालिकाको कृषि तथा पशु विकास महाशाखाका प्रमुख मनोहर कडरियाले उनीहरूलाई उक्त सहयोग रकम हस्तान्तरण गरेका हुन् । उनले उखुसँगै कागती उत्पादनमा पनि उपयुक्त जमिन रहेको जानकारी दिँदै कागती खेतीमासमेत लाग्न किसानलाई सुझाव दिए ।

'उखुको पात र बारीमा उम्रिएका घाँस तह लगाउन पनि गाईभैँसी पाल्नुपर्ने रहेछ, स्थानीय कृषक लीलादेवी धमलाले भने, 'उखुबारी भित्रै पनि घाँस खेती गर्न सकिने भएकाले उखु र पशुपालन एकअर्काका सहायक भएका हुन् ।'

बाँदर, दुम्सीलगायत जंगली जनाबरबाट उखु खेती जोगाउनुपर्ने भएकाले किसानलाई हैरानी भएको कृषक धमलाले सुनाए । यहाँका किसानले बाँसकडा, जीतपुर, ग्यामरालगायत स्थानमाा उखु उत्पादन गर्दै आएका छन् । पोखरा-३२ का वडासदस्य तीर्थराज ओझाले पकेट क्षेत्र घोषणासँगै रोजगारीका लागि विदेश पुगेका युवालाई पनि उखुखेतीतर्फ आकर्षण गर्नुपर्नेमा जोड दिए । *रासस*

# अधिकमास अर्थात् मलमास सुरु

■ पूर्णप्रसाद मिश्र

**काठमाडौं–** प्रत्येक ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात् अधिकमास मंगलबारदेखि सुरु भएको छ । साउन ३१ गतेसम्म मलमास अथवा अधिकमास रहने नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ ।

ज्योतिषीय गणनाअनुसार ३६५ दिनको वर्ष हुन्छ । वर्षमा सौर र चान्द्रमास हुन्छन् । दुवैलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ । एउटा औंसीदेखि अर्को औंसीसम्म संक्रान्ति छैन भने त्यो महिनालाई मलमास वा अधिकमास भनिने भनेर विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको उक्त समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेल बताउँछन् ।

चान्द्रमासमा दुईवटा संक्रान्ति पर्‍यो भने क्षयमास भनिन्छ । ज्योतिषका विद्वान् भास्कराचार्यले आफ्नो ग्रन्थ सिद्धान्त शिरोमणिमा मलमास र क्षयमासका बारेमा गरेका चर्चामा भनिएको छ-

*'असंक्रान्तिमासोऽधिमासः स्फुटः स्याद् ।*
*द्विसंक्रान्तिमासः क्षयाख्यः कदाचित् ॥'*

अर्थात् संक्रान्ति नभएको महिना अधिकमास वा मलमास हो । दुईवटा संक्रान्ति भएको महिना क्षयमास हो । क्षयमास भने कहिले कहिलेकाँही मात्र हुने गरेको छ । यसअघि क्षयमास २०२० सालमा परेको वास्तुशास्त्री शिव पोखरेलको भनाइ छ ।

क्षयमास कात्तिक, मंसिर र पुसमा पर्ने गरे पनि प्रायः मंसिर र पुसमै पर्छ । कात्तिक महिनामा भने क्षय र अधिकमास दुवै पर्न सक्छ । माघ महिनामा भने क्षय र अधिकमास दुवै पर्दैन । बाँकी आठ महिनामा अधिकमास पर्न सक्छ । क्षयमास हुने वर्षमा दुई अधिकमास नियमित पर्छ । यी अधिकमास क्षयभन्दा तीन महिना अगाडि वा पछाडि हुन्छन् । क्षयमासभन्दा पहिले हुने अधिकमासलाई 'संसर्प' र पछि हुने अधिकमासलाई 'अंहस्पति' भनिन्छ ।

सबै मासका देवता हुन्छन् । मलमास महिनाको देवता नभएपछि मलमास रुँदै भगवान् श्रीकृष्णसँग पुगेर आफूलाई अशुभ मास भनी सबैले हेला गरेको गुनासो गरे । सो गुनासो सुनेर भगवान् श्रीकृष्णले नै मेरै नामबाट तिमीलाई अब सबैले चिन्नेछन् भनी पुरुषोत्तममासको नाम दिनुभएको पुरुषोत्तममास माहात्म्य नामक ग्रन्थमा उल्लेख गरिएको छ ।

**अधिकमास (मलमास) मा के गर्ने ? के नगर्ने ?**

मलमास अर्थात् अधिकमासमा नित्य कर्म पूजा, पाठ, जप, ध्यान गर्नुहुन्छ । नित्य बसिरहेको व्रत गर्नुहुने विभिन्न शास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउँछन् । पहिल्यैदेखि गर्दै आएको व्रतलाई नियमितता दिन हुने तर नयाँ व्रतको सुरुआत गर्न नहुने परम्परा छ ।

मलमासको समयमा महादान, मांगलिक कार्य अर्थात् विवाह, व्रतबन्ध, गृहनिर्माण, गृहप्रवेशजस्ता कर्म गर्नु हुँदैन । यसैगरी गर्भाधान गर्नुहुँदैन, पहिले नै गर्भ रहेको भए दोष लाग्दैन । नवविवाहित श्रीमान् श्रीमतीले मलमासलाई छल्नुपर्छ भन्ने परम्परा पनि गर्भाधान गर्नु हुँदैन भन्ने मान्यतामै आधारित रहेको धर्मशास्त्रविद्को भनाइ छ । बृहस्पति र शुक्र अस्त भएका बेला गर्न नहुने जति कर्म मलमासमा पनि गर्नु हुँदैन ।

**मत्स्यानारायण (मत्स्यनारायण) मेला सुरु**

रत्नपार्कबाट करिब आठ किमी दक्षिणपश्चिम भेगमा पर्ने मत्स्यनारायण मन्दिरमा मलमासका समयमा मेला लाग्ने गर्छ । यहाँ मत्स्यनारायणको प्रस्तर मूर्ति छ ।

मलमासको अवधिभर मत्स्यनारायणमा टाढाटाढाबाट लाखौं भक्तजन दर्शनका लागि आउने गरेका छन् । मलमास अवधिभर कीर्तिपुरबाट चार किमी दक्षिणमा पर्ने मच्छेनारायण मन्दिरमा नारायणको पूजा र पुरुषोत्तममास माहात्म्य वाचन हुने चन्द्रागिरि नगरपालिकाका नगर प्रमुख घनश्याम गिरी बताउँछन् ।

यो महिनामा भगवान् नारायणको पूजाआराधना गर्नाले सम्पूर्ण पाप नष्ट भई पुण्य प्राप्त हुने विभिन्न धर्मग्रन्थमा उल्लेख गरिएको छ । सुनको जलप लगाएको गरुडको कलात्मक प्रवेशद्वार मच्छेनारायण मन्दिरमा छ । माछाको मुखबाट प्रकट भएको एक फिट अग्लो चार हातमा शंख, चक्र, गधा र पद्म लिएको मूर्ति देख्न सकिन्छ ।

भगवान् विष्णुले १० अवतार लिँदा सबभन्दा पहिले मत्स्य शरीर धारण गरे । मत्स्यरूपी भगवान्ले प्रलयकालमा समुद्रमा डुंगाको काम गरी वेदलाई सुरक्षा गरेका पुराणमा उल्लेख छ । यसअघि २०७७ साल असोज महिनामा अधिकमास परेको थियो । यो महिनामा वैदिक सनातन धर्मावलम्बीले घर घरमा पुरुषोत्तममास माहात्म्य पाठ गर्ने र कथा सुन्ने गर्दै आएका छन् । *रासस*


नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**विकास सहायता कार्यान्वयन महाशाखा**
**क्षेत्रीय व्यापारिक मार्ग बिस्तार आयोजना**

**महेन्द्र (पूर्व-पश्चिम) राजमार्ग अन्तर्गत कमला-ढल्केबर-पथलैया सडक खण्ड (१३) कि.मी.) स्तरोन्नति आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मितिः ०३/०४/२०८०)

मधेश प्रदेशको सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौटहट र बारा जिल्लाहरू भित्र तपसिलका उपमहानगरपालिका/नगरपालिकाहरूमा सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखा, क्षेत्रीय व्यापारिक मार्ग बिस्तार आयोजनाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखा, क्षेत्रीय व्यापारिक मार्ग बिस्तार आयोजना, ज्वागल, ललितपुर<br>ईमेलः dorfcb@dor.gov.np<br>फोन नंः ९७७-१-५५४१६८६ |
| **प्रस्तावको ब्यहोरा** | महेन्द्र (पूर्व-पश्चिम) राजमार्ग अन्तर्गत कमला-ढल्केबर-पथलैया सडक खण्डको १३० कि.मि. लम्बाइलाई हालको २ लेनबाट ४ लेनको स्तरमा स्तरोन्नति गर्न साथै आवश्यकता अनुसार साना ठूला पुलहरू निर्माण गर्ने प्रस्ताव गरिएको छ । प्रस्तावित सडकको क्षेत्राधिकार ५० मि. (मध्य रेखा बाट दुवै तर्फ २५-२५ मि.) को रहेको छ जसमा सडकको बीचमा ४ मि. को median ७ मि. को carriage way, २.५ मि. को paved shoulder र नाली निर्माण गरिनेछ । मुख्य बस्ती क्षेत्रहरूमा दुवै तर्फ shoulder पछि ६.५ मि. को service road, २ मि. को साइकल ट्रयाक र ठाउँ अनुसार फुटपाथ र अन्य सुविधाहरू निर्माण गरिने छ । प्रस्तावित सडकको design speed १०० कि.मि. प्रति घण्टा रहने छ । |

तपसिल

| प्रभाव पर्न सक्ने जिल्ला, उपमहानगरपालिका/नगरपालिका र वडाहरू | | |
|---|---|---|
| **जिल्ला** | **उपमहानगरपालिका/नगरपालिका** | **वडाहरू** |
| सिराहा | कर्जन्हा नगरपालिका | २ र ३ |
| धनुषा | गणेशमान चारनाथ नगरपालिका | १, २ ४, ६, ७, ८, |
| | महोत्तरी | ६, ८, ९ |
| | सर्लाही | ३, ४, ५, ६, ७, ८, ९, १० |
| महोत्तरी | बर्दिबास नगरपालिका | १, ४, ५, ८, १०, ११, १४ |
| | बारा | १, ८, १०, ११, १२ |
| सर्लाही | ईश्वरपुर नगरपालिका | ४, ५, १२, १३ |
| | लालबन्दी नगरपालिका | १, ६, ७, ९, १०, १७ |
| | हरिवन नगरपालिका | ४, ८, ९, १०, ११ |
| | बागमती नगरपालिका | १, २, ४, ११, १२ |
| रौतहट | बृन्दावन नगरपालिका | १ |
| | चन्द्रपुर नगरपालिका | १, २, ३, ४, ५, ६ |
| | गुजरा नगरपालिका | २, ३ |
| बारा | निजगढ नगरपालिका | २, ३, ४, ७, ८, ९, |
| | कोल्हवी नगरपालिका | २, ३, ५, ६, ८ |
| | जीतपुर सिमरा उपमहानगरपालिका | १, २, ४, १४, १५, १६, १७ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको उ.म.न.पा./न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले (वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ उपनियम २, ३ र ४ बमोजिम) यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना**<br>**नेपाल सरकार**<br>**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**<br>**सडक विभाग**<br>**विकास सहायता कार्यान्वयन महाशाखा,**<br>**क्षेत्रीय व्यापारिक मार्ग बिस्तार आयोजना**<br>**ज्वागल, ललितपुर**<br>**ईमेलः dorfcb@dor.gov.np**<br>**फोन नंः ९७७-१-५५४१६८६** | परामर्शदाताको नाम र ठेगाना<br>कन्सल्टिंग इन्जिनियर्स ग्रुप (सि.ई.जी.)<br>र सिभिल इन्फर्म्याटिक्स एण्ड सोलुसन्स (सि.आइ.ए.एस.) जे.भी चाकुपाट, ललितपुर<br>ईमेलः info@cias.com.np<br>फोन नंः ९७७-१-५२६०३१४ |



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision and Monitoring office**
**Road Division Chaurjahari, Rukum (West)**

**Invitation for Bids No: IFB01/80/81**

**Date of publication: 2080/04/03 (2023/07/19)**

Ministry of Physical Infrastructure and Transport; Department of Roads; Federal Road Supervision and Monitoring office, Road Division Chaurjahari, Rukum(west) invites electronic bids from eligible bidders for the following works:

| S. No | Contract No. | Description and Location of Works | Estimated Amount (Including VAT and PS) (NRs.) | Bid Security Amount (NRs.) | Non Refundable Bid Document Fee (NRs.)) |
|---|---|---|---|---|---|
| 1. | RDCJI/337310113 /IFB01 /80/81-01 | Recurrent Maintenanace and Pothole Repair works on Rapti Rajmarg Ch 140+380-142+500 (Rukum West) | 37,77,545.87 | 85,000/- | 3,000/- |
| 2. | RDCJI/33701169 /IFB01/80/81-02 | Roadway Excavation & Gabion Works on Salyan Bafukhola Timile Simle Road Rukum West) | 9,687,073.98 | 200,000/- | 3,000/- |
| 3. | RDCJI/33701169 /IFB01 /80/81-03 | Road Upgrading Works, Premix Carpeting works on Salyan Jalekharka Duli Jajarkot Road Rukum West | 9,686,461.13 | 200,000/- | 3,000/- |

| | | | |
|---|---|---|---|
| Last date and time of purchase of Bid Document | 2080/05/01 B.S.(2023/08/18 A.D.); up to 12:00 Noon | Last date, time and place of bid submission: | 2080/05/01 B.S.(2023/08/18 A.D.);); up to 12:00 Noon |
| Date, time and place of bid Opening | 2080/05/01 B.S.(2023/08/18. AD); up to 13:00 | Bid security validity period | 30 days beyond Bid Validity Period (120 days from the date of bid opening). |
| Date, time and place of Pre-Bid Meeting | 15 days before opening date. ; Time 13:00 | | |
| Account No. for Bid Document Purchase | Nepal Bank Limited, Jajarkot A/C No. 00101000000001001001 Office Code: 337016601 Road Division Chaurjahari, Rukum(west) Revenue Heading No.: 14229 | | |
| Account No. for Bid Security Deposit | Deposit Account Details<br>Name of Bank: Nepal Bank Ltd, Jajarkot; Account Deposit No: 07502000000000000340 District Treasury Controller Office, Jajarkot (Ko.Le.Ni.Ka) or Bank Guarantee (Issued by 'A' Class Commercial Bank) Office Code: 337016601, Road Division Chaurjahari, Rukum (west) (mention purpose of deposit stating contract No. clearly). | | |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for additional information please inspect the bidding documents at the Road Division Chaurjahari, Rukum(west)
2. Road Division Chaurjahari, Rukum (west) reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Division Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नयाँ 'ट्रेण्ड'मा देउवा

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई कांग्रेसको नेताहरूले बनाइदिएको इमेज हो- निरंकुश नेता । हुन पनि देउवा बेलाबेला मञ्चमै झोँक्किन्छन् । कुरा नबुझी बोल्ने नेताविरुद्ध देउवा बेलाबेला खनिन्छन्, कहिलेकहीँ आफैं पनि कुरै नबुझी झोँक्किन्छन् । आफूविरोधी खेमाबाट पाएको निरंकुश शैलीलाई यही झोँक्किने प्रवृत्तिसँग दाँज्दै धेरैले मन पराउँदैनन् देउवालाई । तर, पार्टीमा देउवाको पकड बलियो छ । पछिल्लो महाधिवेशनमा आफूविरुद्ध उत्रिएका डा. शेखर कोइरालासमेत अहिले देउवानिकट मानिन्छन् ।

त्यसैले होला शेखर अहिले मौन छन् । देउवाविरुद्ध कुनै विचार राख्दैनन् । यता महामन्त्री गगन थापा भने देउवालाई संसदीय दलको नेताबाटै हटाउनुपर्ने भन्दै फरक-फरक मञ्चमा बोलिरहेका छन् । यही क्रममा कांग्रेस केन्द्रीय समितिको बैठक सुरु भएको छ । यसपटक निरंकुश मानिएका देउवाले केन्द्रीय समिति बैठक नै 'लाइभ' गर्न लगाए । केन्द्रीय समिति प्रत्यक्ष प्रसारण गरेपछि धेरैलाई लागेको थियो, अब गगनले देउवाविरुद्ध केन्द्रीय समितिमै बोल्नेछन् । तर त्यस्तो देखिएन । गगनले कार्ययोजना पेस गरे, देउवाको विरोध गर्ने समय नै पाएनन् ।

केन्द्रीय समितिमा महामन्त्री गगनले थुप्रै नयाँ कार्यक्रमहरू ल्याएका छन् । सात लाख नयाँ सदस्य थप्ने कार्यक्रमदेखि विभागहरू थप्ने प्रस्ताव गगनको छ । ४८ विभाग भएको कांग्रेसमा गगनले थप २२ विभाग थपेर यसको संख्या २२ पुऱ्याउने प्रस्ताव गरेका हुन् । कांग्रेसको विधानमा महाधिवेशन सम्पन्न भएको छ महिनामा सबै विभागहरू गठन भइसक्नुपर्ने प्रावधान छ । तर, कांग्रेसले भएकै विभाग महाधिवेशन सकिएका दुई वर्ष पुग्नै लाग्दा पनि गठन गर्न सकेको छैन । यस्तो अवस्थामा विभाग थपेर गर्ने के ? कांग्रेसका लागि यो तारोताज प्रश्न हो । यतिमात्र हैन गगनले प्रत्येक दुई महिनामा मिति तोकेरै क्यालेण्डर बनाएर केन्द्रीय समिति बैठक राख्नसमेत प्रस्ताव गरेका छन् । गगनका सम्पूर्ण प्रस्तावबारे छलफल आजबाट प्रारम्भ हुनेछ ।

पछिल्लोपटक केन्द्रीय समिति बैठकहरूमा देउवाबारे अफवाहहरू बाहिर नआएका होइनन् । कहिले सहमहामन्त्री जीवन परियारसँग झोक्काझोक्की, रामचन्द्र पौडेल वरिष्ठ नेता हुँदा मञ्चमै छिनाझम्टी भएका समाचार बाहिर आउँथे । यसैबारे सोचेर होला, देउवाले केन्द्रीय समिति प्रत्यक्ष प्रसारण गरे । काठमाडौं महानगरका मेयर बालेन्द्र साह 'बालेन'ले आफू निर्वाचित हुनसाथ महानगरको बैठक प्रत्यक्ष प्रसारण गर्ने निर्णय गरेर वाहवाही कमाएका थिए । यद्यपि, देउवाले नयाँ ट्रेण्ड फलो गर्दा पनि वाहवाही पाएनन् । जसको एउटै कारण विपक्षीले उनीबारे तयार पारिएको इमेज नै हो । नभए मुलुकको ठूलो राजनीतिक दलले केन्द्रीय समिति बैठक प्रत्यक्ष प्रसारण गरिनु उदाहरणीय काम हो र देउवाको यो शैली स्वागतयोग्य छ ।

## मनन्योग्य

### चाणक्य नीति

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको क्षणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने ।

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैँ चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु । पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन् । क्रमशः

# अल्पसंख्यक यौनिक समुदायः आत्मकथाभित्रको व्यथा



पदम श्रेष्ठ

> मैले यो संसारका सबै सबैसँग अन्तिम बिदा माग्दै थिएँ । तर, अचानक एउटा अदृश्य शक्तिले अमूर्त भावमा रोक्दै भन्यो- नानी तिमी नारी, छोरी वा केटी नै हौं । ज-जसले तिमीप्रति कूदृष्टि फैलायो, कूवचन बोल्यो, कूचक्र चलायो ती अज्ञानीहरूका लागि केही गरेर देखाउन पनि तिमीले बाँच्नुपर्छ । आमाले खुवाएको दशधारा दूधको ऋण तिर्न तिमीले बाँच्नुपर्छ भन्दै अदृश्य शक्तिले मलाई मर्नबाट बचायो ।

अघिपछि भन्दा गाईजात्रे झाँकीका बेला तेस्रो लिंगी अल्पसंख्यक समुदाय विशेष रौनकमा देखिन्छन् । उक्त दिन देशभरका यौनिक अल्पसंख्यक (एलजिबिटिआई) समुदायका लागि टुँडिखेलमा गाईजात्राका दिन आयोजित समानता र सम्मानका लागि सांगीतिक कार्यक्रममा झनै प्रस्फूल्लित देखिन्थे । गाईजात्रे ऱ्यालीसँगै टुँडिखेलमा मञ्चित भव्य सांगीतिक कार्यक्रममा पाँचवटै क्लस्टरका यौनिक समुदाय नाचगानमा सहभागी थिए । विशाल त्यो भेलामा समलिंगी महिलाको जोडी, समलिंगी पुरुषको जोडी रौसिक देखिन्थे ।

साथै, पुरुष र महिलाको दुवै अंगको प्रतिनिधित्व गर्ने अन्तर्लिंगी र महिला-पुरुष दुवैसँग यौनमा इच्छित व्यक्तिहरू पनि नेपालका विभिन्न जातीय पोसाकसहित सांगीतिक माहोलमा रमिरहेका थिए । लाग्थ्यो, टुँडिखेलको त्यो माहोल अल्पसंख्यक यौनिक समुदायको संसार हो । त्यो संसारको नेतृत्व पिंकी गुरुङले गरिरहेकी थिइन् । तर, अल्पसंख्यक तेस्रो लिंगी समुदायको बारेमा तथ्य बुझ्न बोलक्कड कलाकार नीलहिरा समाज नेपालकी जनसम्पर्क अधिकृत भूमिका श्रेष्ठसँग भित्री आत्मकथा कोट्याएँ । जुन आत्मकथाले अल्पसंख्यक यौनिक समुदायको प्रतिनिधित्व गर्थ्यो पनि । प्रस्तुत छ भूमिकाकै शब्दमा उनको आत्मकथाः

### उमेरमै आफूलाई बुझें

थाहा छैन, अरूलाई कुन उमेरमा यौनिकताको ज्ञान हुन्छ । तर, मभित्र केटा वा केटीभन्दा छुट्टै हुँ भन्ने कुराको ज्ञान ११ वर्षको उमेरदेखि हुन थालेको हो । आफू लिंगीयरूपमा पुरूष भए पनि आत्मा केटी भन्ने कुराको अनुभव तब गर्न थालेँ जब बाटो हिँड्दादेखि स्कुल पढ्दासम्म जिस्काउने कुरा मनमा गुनेँ ।

बाटो हिँड्दा बटुवामात्र होइन शिक्षक-शिक्षिकाबाट समेत घोचपेचका शब्दवाण बढेपछि म छुट्टै लिंगको मान्छे रहेछु भन्नेबारे सोच्न थालेकी थिएँ । जसरी छोरा वा छोरी भएर जन्मनुमा त्यो बालबालिकाको कुनै दोष हुँदैन, न त जन्माउने आमाबाबुकै । त्यसैगरी तेस्रो लिंगी, समलिंगी अल्पसंख्यकको पनि दोष नहुनुपर्ने हो । तर, समाजमा हामीप्रति यति विभेद गरिन्थ्यो कि मानौं जीवनमा अक्षम्य अपराध गरेको छौं वा जानीजानी पृथक लिंग लिएर जन्मिएका हौं ।

बिहान उठ्दैदेखि परिवारभित्रैबाट आमाले माया मिश्रित चेतावनी दिनुहुन्थ्यो- बाहिरकाले तेरो छोरो यस्तो, उस्तो भन्न थालिसके, अलिकता छोरो भएर हिँड्ने गर । तेरो छुट्टै व्यवहारको कारण अरूले भनेको सुन्दा-सुन्दा कानै टट्टचाइसक्यो भनेर सम्झाउनुहुन्थ्यो आमा । आमाको त्यस्तो कुराले मनमा च्वास्स बिझ्थ्यो ।

बाटो हिँड्यो 'छक्का', 'हिजडा', 'नपुंसक' आदि शब्दवाण प्रहार हुन्थे । सुनेको नसुन्यै गरी स्कुल पुग्थेँ, पढाउने शिक्षक-शिक्षकाबाटै सजायको भागीदार बन्नुपर्दा जीवन नै बेकार लाग्थ्यो । म लिंगीयरूपमा केटा भए पनि मेरो भित्री आत्मा केटीको थियो, त्यसैले म केटीसँगै बस्छु भनी न मैले सर/मिसलाई सम्झाउन सक्थें, न त उहाँहरूले नै अल्पंख्यक लैंगिक तथा यौनिक समुदायभित्रका तेस्रो लिंगी तथ्यलाई बुझेका थिए । मात्र संस्कार जबर्जस्ती थोपर्ने कार्य म माथि भइरहयो । ठूलो कक्षामा पुगेपछि त मलाई शौचालय प्रयोग गर्नसमेत लज्जाबोध हुन थाल्यो ।

नेपाली टोलीको व्यवस्थापकमा नरेश वैद्य र अफिसियलमा संजय शाह रहेका छन् । अध्यक्ष अशोक बज्राचार्यले साउन ७ देखि १३ गते (जुलाई २३ देखि २९ तारिख) सम्म आयोजना हुने च्याम्पियनसिपका क्रममा हुने वर्ल्ड एक्वाटिक कंग्रेसमा सहभागिता जनाउने छन् ।

च्याम्पियनसिपमा २३ तारिखमा नासिरले चार सय मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्नेछन् । २४ तारिखमा गौरिकाले एक सय मिटर ब्याकस्ट्रोक र नासिरले दुई सय मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्ने संघले जनाएको छ ।



यसैगरी २५ तारिखमा डुवानाले दुई सय मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्नेछिन् । २६ तारिखमा गौरिकाले ५० मिटर ब्याकस्ट्रोक र एलेक्जेन्डरले एक सय मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्नेछन् । २७ तारिखमा डुवानाले एक सय मिटर फ्रिस्टायलमा र २८ तारिखमा एलेक्जेन्डरले ५० मिटर फ्रिस्टायल स्पर्धामा प्रतिस्पर्धा गर्नेछन् । नेपाली टोली बुधबार जापानतर्फ प्रस्थान गर्नेछ ।

# एमएलएसभन्दा साउदी लिग उत्कृष्ट : रोनाल्डो




**साउदी–** क्रिस्टियानो रोनाल्डोले साउदी प्रिमियर लिग अमेरिकी लिग एमएलएस भन्दा उत्कृष्ट रहेको बताएका छन् । अल नासिरबाट प्रि-सिजन टूरमा रहेका रोनाल्डोले लियोनल मेस्सी अनुबन्धित भएको एमएलएस भन्दा आफुले खेल्ने साउदी लिग उत्कृष्ट रहेको बताएका हुन् । रोनाल्डोका समकालिन खेलाडी मेस्सीले भर्खरै अमेरिकी क्लबमा अनुबन्धित भएका छन् ।

प्रि-सिजन टूरमा अल नासिर क्लब ला लिगा क्लब सेल्टा डि भिगोसँग ५-० ले पराजित भएको थियो । 'म युरोपेली फुटबलमा फर्कने छैन । त्यहाँ फर्कने ढोका पूर्ण रूपमा बन्द भएको छ ।' रोनाल्डोले भने, 'मेरो उमेर ३८ वर्षको भयो । युरोपेली फुटबलले धेरै स्तर गुमाएको छ ।' रोनाल्डोले मेस्सी गएको अमेरिकी लिग भन्दा आफुले खेल्ने साउदी लिग उत्कृष्ट रहेको बताए ।

'एक वर्षमा धेरै भन्दा धेरै राम्रा खेलाडी साउदी आएका छन् ।' पोर्चुगल सुपरस्टारले भने, 'केही वर्षमा साउदी लिगले टर्किस लिग र डच लिगलाई उछिन्नेछ ।' 'मलाई लाग्छ साउदी लिग एमएलएस भन्दा राम्रो छ ।' उनले थपे ।

# टिकटकप्रति अमेरिकी प्रहार: राष्ट्रिय सुरक्षामा जोखिम

**वासिङ्टन डिसी–** अमेरिकी राष्ट्रिय सुरक्षा विशेषज्ञहरूले चिनियाँ सरकारको स्वामित्वमा रहेको लोकप्रिय सामाजिक सञ्जाल एप्लिकेसन टिकटक राष्ट्रिय सुरक्षाका निम्ति जोखिमपूर्ण भएको बताएका छन् ।

टिकटकले चिनियाँ सरकारलाई स्थान, बायोमेट्रिक पहिचानकर्ता र ब्राउजिङ इतिहासमा पहुँच दिने तथा प्रयोगकर्ताको जानकारी चिनियाँ कम्युनिस्ट पार्टीसम्म पुर्‍याउने गरेको संघीय जाँच ब्युरो (एफबिआई)ले उल्लेख गरेको जियानली याङले अमेरिकी अखबार द हिलमा लेखेका छन् ।

एफबिआईले सार्वजनिक गरेको उक्त सूचनाका आधारमा सिनेटर मार्क वार्नरको नेतृत्वमा सिनेटरहरूको एक समूहले हालै वाणिज्य विभागलाई लोकप्रिय सामाजिक सञ्जालमाथि नियमनको अधिकार प्रदान गर्ने कानुन बनायो । राष्ट्रपति जो बिडेनले पनि उक्त कानुनलाई तत्काल अनुमोदन गरेर तुरुन्त पारित गर्न आह्वान गरेको द हिलमा जनाइएको छ ।

जियानली याङ, पिएचडी, चीनमा सिटिजन पावर इनिसिएटिभ्सका संस्थापक र अध्यक्ष हुन् र 'हाम्रो लागि, द लिभिङः ए जर्नी टु साइन द लाइट अन ट्रुथ' र 'इट्स टाइम फर ए भ्यालुज बेस्ड' इकोनोमिक नेटोका' लेखक हुन् ।

नीति नियमका विश्लेषकहरूले हानिकारक सोसल मिडिया कम्पनीहरूको डेटा संकलनसँग लड्न आफ्ना प्रयास दोब्बर गर्नुपर्नेमा जोड दिँदै टिकटकमात्र व्यक्तिगत विवरण संकलन गर्ने पहिलो कम्पनी नभएको बताएका छन् । वी च्याटजस्ता धेरै अन्य एप कम्पनीको चिनियाँ कम्युनिस्ट पार्टीसँग सम्बन्ध रहेकाले त्यस्ता विषयलाई सांसदहरूले गम्भीर भएर हेर्नुपर्ने सुझाव लिइएको छ ।

चिनियाँ स्वामित्वमा रहेका सामाजिक सञ्जाल एपहरूमात्र नभई आधुनिक कारहरू पनि व्यक्तिगत विवरण संकलनका माध्यम बनेका, तिनमा जडान गरिएका क्यामरा र कम्प्युटरले चालकको यात्रास्थल, उसले पसलमा गर्ने किनमेल, सुन्ने गीतसंगीतदेखि उसले कति छिटो सवारी चलाए भन्नेसम्मका सूचना संकलन गर्ने द हिलमा जियानलीले लेखेका छन् । *रासस⁄एएनआइ*

# नौ हजार क्यान्सरपीडितको जीवन जोखिममा

गाजा- अत्यावश्यक औषधिको अभावमा गाजा क्षेत्रका नौ हजार क्यान्सरपीडित सर्वसाधारणको जीवन जोखिममा परेको प्यालेस्टाइनका एक जना वरिष्ठ स्वास्थ्य अधिकारीले बताएका छन् ।

गाजा पट्टीमा क्यान्सर रोगीहरू निदान र उपचारको अभावबाट पीडित भएका तथा त्यहाँको जनसंख्यामा क्यान्सर रोगीहरूको संख्या बढ्दै गएको गाजा क्यान्सर केन्द्रका महानिर्देशक सुभी स्काइकले बताएका छन् ।

महानिर्देशक स्काइकले विश्व स्वास्थ्य संगठनको तथ्यांकलाई उद्धृत गर्दै ट्युमरको उच्च दरबारे जानकारी दिँदै सन् २०२१ मा गाजामा प्रतिएक लाखमा ९० प्रतिशतभन्दा बढी क्यान्सरबाट पीडित भएका बताए । पत्रकारसँगको कुराकानीमा उनले यो संख्या सन् २०४० सम्ममा दोब्बरले बढ्ने अनुमान गरिएको बताए । गाजामा हाल क्यान्सर मृत्यु दर १२.५ प्रतिशत छ ।

गाजाका बिरामीलाई रोगको निदानको लागि रेडियोथेरापी र आणविक औषधिमा पहुँच छैन । इजरायलको यात्रा प्रतिबन्धले उनीहरू वेस्ट बैंक वा पूर्वी जेरुसेलममा उपचार गराउन बाध्य छन् । स्वास्थ्य अधिकारीले गाजा क्षेत्रका क्यान्सर बिरामीको जीवन बचाउन अन्तर्राष्ट्रिय समुदाय र सम्बन्धित अधिकारीलाई तत्काल हस्तक्षेप गर्न आग्रह गरेका छन् ।

सन् २००७ मा इस्लामिक प्रतिरोध आन्दोलन (हमास)ले गाजाको तटीय क्षेत्र कब्जामा लिएपछि त्यहाँ बसोबास गर्ने करिब २० लाख प्यालेस्टिनी इजरायली नाकाबन्दीको पीडामा बाँचेका छन् । *रासस⁄सिह्वा*

# सुरक्षा कारबाहीमा चार जना आतंकारी मारिए

**पुञ्च (जम्मुकश्मीर)–** भारत प्रशासित जम्मुकश्मीरमा सोमबार भएको संयुक्त सुरक्षा कारबाहीमा चार जना आतंककारी मारिएका भारतीय सेनाका अधिकारीहरूले मंगलबार बताएका छन् । भारतीय सेनाको विशेष बल राष्ट्रिय राइफल्स र जम्मुकश्मीर पुलिस र अन्य बलसहितको संयुक्त अभियान सोमबार पुञ्चको सिन्धारा क्षेत्रमा सञ्चालन गरिएको जनाउँदै उनीहरूले राति करिब ११.३० बजे आतंककारीहरूसँग पहिलो मुठभेड भएको बताएका छन् । सोही रात निगरानीका अन्य उपकरणसहित ड्रोन तैनाथ गरिएको थियो ।

मंगलबार बिहानैदेखि सुरक्षा बल र आतंककारीबीच भीषण गोली हानाहान भएको थियो । संयुक्त कारबाहीमा मारिएका आतंककारी विदेशी आतङकवादी भएको अनुमान गरिएको छ । उनीहरूको पहिचान स्पष्ट भइनसकेको र थप जानकारीको प्रतीक्षा गरिएको भारतीय सेनाले जनाएको छ ।

गत आइतबार पुञ्च जिल्लाको नियन्त्रण रेखा (एलओसी) मा आतंकवादीहरूको घुसपैठको प्रयासलाई भारतीय सेनाले विफल पारेको थियो । आइतबार रातिदेखि सोमबार बिहानसम्म पुञ्च नदी नजिकै एलओसीमा भएको दोहोरो झडपमा दुई जना आतंककारी मारिएका थिए । सुरक्षाकर्मीले आतंकवादीबाट एके ७४ राइफलसहित भारी मात्रामा हतियार र गोला बारुद नियन्त्रणमा लिएका थिए । *रासस⁄एएनआई*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QUTTAINAH MEDICAL CENTER

पूर्व स्वीकृति मिति २०७९/०५/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/०२ | LT. No. 270358 | चलानी नं. ६०१८६२०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 10 | 95 | ३९,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १० गते (26th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TLE STEEL WORKS

पूर्व स्वीकृति मिति: २०८०/०४/०२ | LT. No.289514 | चलानी नं.६०२०४८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 3 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० साउन १० गते (26th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : DLB CONSTRUVTION & CO LTD

पूर्व स्वीकृति मिति: २०८०/०३/३१ | LT. No. 289415 | चलानी नं.६०२०४८१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 75 | 0 | 16,665 | ४८,२५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 25 | 0 | 16,665 | ४८,२५५ | | | | | | | |
| 3 | Mason | 100 | 0 | 16,665 | ४८,२५५ | | | | | | | |

कम्पनी : SUPER CONSTRUCTION CO. LTD

पूर्व स्वीकृति मिति: २०८०/०४/०१ | LT. No. 289472 | चलानी नं.६०२०४८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason Grade ii | 64 | 0 | 16,665 | ४८,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter Grade ii | 10 | 0 | 16,665 | ४८,२५५ | | | | | | | |
| 3 | Steel Fixer Grade ii | 8 | 0 | 16,665 | ४८,२५५ | | | | | | | |
| 4 | Bar Bender Grade ii | 5 | 0 | 16,665 | ४८,२५५ | | | | | | | |
| 5 | Foreman Grade ii | 2 | 0 | 16,665 | ४८,२५५ | | | | | | | |
| 6 | Tilers Grade ii | 5 | 0 | 16,665 | ४८,२५५ | | | | | | | |
| 7 | Electrician Grade ii | 1 | 0 | 16,665 | ४८,२५५ | | | | | | | |
| 8 | Plumber Grade ii | 2 | 0 | 16,665 | ४८,२५५ | | | | | | | |
| 9 | Plant Operator Grade ii | 1 | 0 | 16,665 | ४८,२५५ | | | | | | | |
| 10 | Scaffolder Grade ii | 2 | 0 | 16,665 | ४८,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १० गते (26th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १९,५००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAKE RESTAURANT HANAN AYEDH ABDULLAH AL MOHSEN

पूर्व स्वीकृति मिति: २०७९/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/०२ | LT. 284314 | चलानी नं. ६०१९९७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Helper | 9 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १० गते (26th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## जोर्डनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PHILADELPHIA FOR BRINGING AND RECRUITMENT FOR NON JORDANIAN DOMESTIC WORKER COMPANY

पूर्व स्वीकृति मिति २०७९/०४/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०२ | LT. No. 265005 | चलानी नं. ६०१८९२९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker/housemaid | 0 | 49 | 300 | ३९,३४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Office Secretary | 0 | 1 | 400 | ५२,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १० गते (26th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.**
श्रम इजाजत नं. ३०७/०५९/६०
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906, Mobile: 9803411034
Email: service.bhairabintl@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FUTURE PROJECT CO. FOR GENERAL CONT.

पूर्व स्वीकृति मिति: २०८०/०३/०४ | LT. No. : 288070 | चलानी नं.:६०२०३३९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 03 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १० गते (26th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम इजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PETROLEUM COMPANY FOR PETROLEUM AND TRANSPORT SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/०२ | LT No :289373 | चलानी नं. ६०२०४७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gas Station Attendant | 8 | 0 | 1200 | ४१,९४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६२,९१५ | | | | | | | |

कम्पनी : NUJOOM AL SAQR BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/०२ | LT No :289372 | चलानी नं. ६०२०४७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 20 | 1200 | ४२,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १० गते (26th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al-Farooque Overseas Pvt.Ltd.
श्रम इजाजत नं: १२६०/०७४/७५

**Alfarooque Overseas Pvt .Ltd.**
Basundhara, (Infront of police station), Kathamandu, Nepal
Phone No: 01-4961373 Mobile : 9843653970, 9816660911, 9841425478
E-mail.: farukkhan650@gmail.com, www.alfarooqueoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VILLAGE POULTRY FARM

पूर्व स्वीकृति मिति: २०८०/०३/२९ | LT No.289308 | चलानी नं.६०२०४६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Work | 5 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १० गते (26th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Govt. License 1553/079/80
Budhanilkantha-9, Kathmandu, BAGMATI, Contact: 9847416116
Email: hiringalfaraz@outlook.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११२५०० | प्रति तोला - १११९५० | प्रति तोला - १४८० |



**बाँसबाट निर्मित घर** | तनहुँको व्यास नगरपालिका-११ रामथुम्कीमा बाँसले निर्माण गरिएका घर । बाँसले निर्माण गरिएका घर अवलोकन गर्न यहाँ सर्वसाधारणको आकर्षण बढ्दो छ । तस्बिर : कृष्ण न्यौपाने/तनहुँ

# खुल्यो बुढीगण्डकीको कार्यालय

## आज फिल्ड कार्यालय उद्घाटन गर्दै प्रधानमन्त्री दाहाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** लामो समयको प्रतीक्षापछि अन्ततः सरकारले बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले आयोजनाको फिल्ड कार्यालय आज (बुधबार) उद्घाटन गर्ने भएका छन् ।

आयोजनाको वातावरण मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइ रहेको गोरखाको सिउरेनीटारमा आयोजनाको फिल्ड कार्यालय उद्घाटन गर्ने तयारी गरिएको प्रमुख कार्यकारी अधिकृत जगत श्रेष्ठले जानकारी दिए । त्यसका लागि आवश्यक तयारी पूरा भएको उनको भनाइ छ ।

कूल एक हजार दुई सय मेगावाट क्षमताको सो आयोजना निर्माणका लागि सरकारले बूढीगण्डकी जलविद्युत् कम्पनी स्थापना गरिसकेको छ । काठमाडौंस्थित कम्पनीको प्रधान कार्यालय गत असार ३१ गते ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले उद्घाटन गरिसकेका छन् ।

'राष्ट्रिय गौरवको आयोजना सुरु भयो भनेर सन्देश दिन लागिएको हो', प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले भने, 'यसले आम रूपमा पनि एउटा सकारात्मक सन्देश प्रवाह गर्दछ र विश्वासको वातावरण पैदा हुन्छ ।'

सरकारले आयोजना प्रभावितलाई हालसम्म रु ३४ अर्ब ३० करोड बराबरको मुआब्जा वितरण गरिसकेको छ । यस्तै, घर गोठ, बोटबिरुवातर्फ रु छ अर्ब ७० करोड बराबरको मुआब्जा वितरण भइसकेको छ । हाल मुआब्जा वितरणको काम अन्तिम चरणमा पुगेको छ ।



आयोजना प्रभावितले अधिकार सम्पन्न प्राधिकरण बनाउन माग गर्दै आएका छन् । यस्तै, मुआब्जा वितरणको काम शीघ्र सम्पन्न गर्न तथा अन्य व्यवस्थापकीय कामलाई गति दिनसमेत उनीहरूको माग छ ।

स्थानीयवासीले उठाएका जायज मागलाई सरकारले सम्बोधन गर्ने प्रमुख कार्यकारी अधिकृत श्रेष्ठको भनाइ छ । आयोजनाको दिगोपनका लागि पनि स्थानीयवासीको माग सम्बोधन हुने तथा आवश्यक निर्णय गरिने उनले स्पष्ट पारे ।

आयोजना अगाडि बढाउनका लागि प्रधानमन्त्री दाहालले चासो राख्दै आएका थिए । चालु आर्थिक वर्षको बजेटमा समेत सो आयोजनाको निर्माण सुरु गर्ने उल्लेख छ । प्रधानमन्त्री दाहालले प्रतिनिधिसभाको बैठक र अन्य सार्वजनिक कार्यक्रममा समेत सो आयोजनाको निर्माण शीघ्र सुरु हुने बताउँदै आएका छन् । धादिङ र गोरखाका जनप्रतिनिधि र स्थानीयवासीले समेत शीघ्र आयोजनाको काम सुरु गर्न माग गर्दै आएका छन् ।

सरकारले आन्तरिक स्रोतको परिचालन गरेरै सो आयोजनाको निर्माण सुरु गर्ने बताउँदै आएको छ । आयोजनाका लागि भनेर पेट्रोलियम पदार्थमा भन्सार विन्दुमै कर उठाउँदै आइएको छ । केही दिन पहिले राष्ट्रियसभाको बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले पूर्वाधार करमार्फत उठेको रकम मुआब्जा वितरण लगायतका काममा खर्च भएको जानकारी गराएका थिए ।

सरकारले चालु आवको बजेटमार्फत वातावरण मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइलाई नै कम्पनीमा रूपान्तरण गरेको हो । गत असार २८ गते कम्पनीको प्रमुख कार्यकारी प्रमुखमा इकाइकै प्रमुख श्रेष्ठलाई नियुक्त गरेको थियो । इकाइको कार्यालय रहेको गोरखाको गण्डकी गाउँपालिका-८ सिउरेनीटारमा कम्पनीको कार्यालय स्थापना हुनेछ ।

आयोजनाबाट धादिङ र गोरखाका करिब ५० हजार मानिस प्रभावित हुनेछन् । आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) सन् २०१४ मा नै फ्रान्सेली कम्पनी ट्र्याक्टबेलले तयार पारिसकेको छ । लामो प्रतीक्षापछि आयोजना निर्माण हुने विश्वास बढेर गएको जानकारी दिँदै प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले स्थानीयवासीले समेत सकारात्मक रूपमा सहयोग गर्ने बताए ।

आयोजनामा कूल दुई सय ६३ मिटर अग्लो बाँध निर्माण हुनेछ । त्यसबाट कूल ४५ मिटर लम्बाइको ताल बन्नेछ । धादिङको बेनीघाटबाट दुई किलोमिटर उत्तरमा बाँध निर्माण हुनेछ । बढी बिजुली माग हुने काठमाडौं, पोखरा, नारायणगढलगायतका 'लोड सेन्टर' नजिकको सो आयोजना आफैंमा महत्वपूर्ण मानिएको छ ।

सरकारले २०७९ साल असारमा आयोजना निर्माणका लागि कम्पनी स्थापना गर्ने निर्णय गरेको थियो । लामो समयसम्म स्वदेशी वा विदेशी लगानी भन्नेमा आवश्यक निर्णय लिन ढिलाइ हुँदा प्रक्रिया अगाडि बढ्न सकेको थिएन ।

# नेप्से परिसूचकमा सामान्य वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार पनि उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक नौ दशमलव ९१ अंकले उकालो लागेर दुई हजार एक सय ५४ दशमलव शून्य सातमा पुगेको छ ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव शून्य चार अंकले उकालो लागेर चार सय सात दशमलव एक तीनमा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये छ उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ भने सात उपसमूहको सेयर मूल्य उकालो लागेको छ ।

नेप्सेका अनुसार कूल ८६ लाख ७६ हजार चार सय ३८ कित्ता सेयर रू तीन अर्ब ५४ करोड ८८ लाख २९ हजार २९ मूल्य बराबरको कारोबार भएको छ । आजको कारोबारपछि बजार पूँजीकरण रू ३१ खर्ब ६५ अर्ब ४७ करोड ३२ लाख ४९ हजार चार सय ४३ बराबर पुगेको छ । कारोबारका आधारमा स्वावलम्बन लघुवित्त शीर्ष स्थानमा छ । सो कम्पनीको रू २१ करोड ७७ लाख ३९ हजार आठ सय ६३ बराबरको कारोबार भएको छ ।

नेप्सेका अनुसार शिवम् सिमेन्ट रू १७ करोड ९८ लाख ६१ हजार तीन सय चार, हिमालयन लाइफ इन्स्योरेन्स रू १५ करोड ६३ लाख ९० हजार तीन सय ३३, सिद्धार्थ प्रिमियर इन्स्योरेन्स रू ११ करोड ६६ लाख ११ हजार र एशियन लाइफ इन्स्योरेन्स रू १० करोड २३ लाख ७१ हजार नौ सय ७३ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

त्यस्तै, बीपीडब्ल्यू लघुवित्त र युनाइटेड अजोड इन्स्योरेन्सको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । शुभम् पावर आठ दशमलव ८९, युनिलिभर नेपाल आठ दशमलव ३९ र उपकार लघुवित्तका लगानीकर्ताले छ दशमलव ७८ प्रतिशतले कमाएका छन् ।

नेप्सेका अनुसार सानिमा लार्ज क्याप पाँच दशमलव १४, ग्लोबल आइएमई ब्यालेन्स फण्ड पहिलो चार दशमलव ६३, सिटिजन म्युचुअल फण्ड पहिलो चार दशमलव ११, सानिमा ग्रोथ फण्ड तीन दशमलव ९० र हिमालयन ऊर्जा विकास कम्पनीका लगानीकर्ताले तीन दशमलव ६५ प्रतिशतले गुमाएका छन् ।

# भारत र चीनका अर्थमन्त्रीसँग डा. महतको भेटवार्ता

■ प्रभाव संवाददाता

**गुजरात–** भारतको गुजरातमा भइरहेको जी-२० मुलुकका अर्थमन्त्रीहरूको बैठकका अवसरमा अर्थमन्त्री डा. प्रकाशशरण महत र भारतीय अर्थमन्त्री निर्मला सीतारमणबीच आपसी सहयोग र द्विपक्षीय सम्बन्धका बारेमा छलफल भएको छ ।

छलफलका क्रममा भारतीय सहायताबाट नेपालमा सञ्चालित विकास परियोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गरी समयमै सम्पन्न गर्न दुवै अर्थमन्त्रीले जोड दिएको अर्थमन्त्री डा महतको सचिवालयले जनाएको छ ।

'अर्थमन्त्री महतले नेपालका प्रधानमन्त्रीको भारत भ्रमणको क्रममा सम्पन्न विद्युत् निर्यातसम्बन्धी समझदारी कार्यान्वयनबाट आगामी दश वर्षमा १० हजार मेघावाट जलविद्युत् भारत निकासी भई व्यापार घाटा घटाउन मद्दत मिल्ने विषय उल्लेख गर्नुभयो', भारतीय समकक्षीसँगको भेटवार्ताबारे अर्थमन्त्री डा महतको सचिवालयले भनेको छ, 'दुई देशबीचको व्यापार तथा लगानी सहजीकरणका लागि मिलेर काम गर्ने विषयमा एउटै मत रह्यो ।'

भारतका अर्थमन्त्रीले एनपिएचएल र भारतको इन्टरनेसनल पेमेन्ट लिमिटेडबीच भएको समझदारीबमोजिम संयुक्त विद्युतीय भुक्तानी संयन्त्र कार्यान्वयन गर्न छिटो काम अघि बढाउन अनुरोध गरेका छन् । जवाफमा अर्थमन्त्री महतले उक्त परियोजना छिट्टै कार्यान्वयनमा लैजाने गरी संयन्त्र स्थापना गर्न काम भइरहेको बताए ।






भेटवार्ताका अवसरमा नेपालको सूचना प्रविधि क्षेत्रमा भारतीय लगानीको लागि राम्रो विकल्प रहेको र व्यावसायिक सम्भाव्यता एवं पर्याप्त जनशक्ति उपलब्ध भएकाले सो क्षेत्रमा लगानी बढाउन समेत अर्थमन्त्री डा महतले अनुरोध गरेका छन् ।

जी-२० सम्मेलनमा नेपाललाई पनि निमन्त्रणा गरी सहभागी हुने अवसर दिनुका साथै यो मञ्चमा नेपाललगायत कम आय भएका देशको सरोकारका विषय राख्न अवसर दिएकोमा धन्यवाद दिँदै जी-२० को गतिशील एवं सबल नेतृत्व लिएकोमा अर्थमन्त्री डा महतले भारतलाई बधाई दिए । आपसी हितका क्षेत्रमा आगामी दिनमा सम्बन्ध विस्तार गर्दै जानुपर्नेमा दुवै देशका अर्थमन्त्रीले जोड दिएका थिए ।

त्यसैगरी उक्त अवसरमा अर्थमन्त्री डा. महत र चिनियाँ अर्थमन्त्री लिउ कुनबीच पनि द्विपक्षीय भेटवार्ता भएको छ । भारतको गुजरातस्थित गान्धीनगरमा जारी जि-२० का अर्थमन्त्रीहरूको बैठकका क्रममा उनीहरू भेटवार्ता भएको हो ।

सो वार्तामा दुई देशबीचको ऐतिहासिक सम्बन्ध तथा सहयोग आदान-प्रदानका विविध विषयमा कुराकानी भएको मन्त्री डा महतले जानकारी दिए ।

यस वार्तामा आपसी हितका विविधि विषयका साथै एकअर्काको चासो र सरोकारहरूप्रति दुवै देश संवेदनशील रहेको बारेमा पनि उनीहरूबीच छलफल भएको थियो ।

वार्ताका क्रममा मन्त्री डा महतले चीनले नेपालको विकासका क्षेत्रमा पुर्याउँदै आएको सहयोगका लागि धन्यवाद व्यक्त गरेका थिए । सन् २०१९ मा चीनका राष्ट्रपतिले गर्नुभएको नेपाल भ्रमणका क्रममा उनले नेपालको आर्थिक विकासमा महत्वपूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको स्मरण गर्दै कोभिडका कारण त्यस्ता आयोजनाहरू समयमा अघि बढ्न नसकेकामा अब चाँडै अघि बढ्ने विश्वास पनि त्यस वार्ताका क्रममा दुवै पक्षले व्यक्त गरेका थिए ।

मन्त्री डा महतले नेपाल र चीनबीचका महत्त्वपूर्ण सीमानाकाहरूबाट दुई देश जोड्ने सडक परियोजनाहरू सहयोगको महत्वपूर्ण क्षेत्र हुनसक्ने र दुवै देशका सम्बन्धित निकायहरूले यसबारेमा गृहकार्य गरी छिट्टै अगाडि बढाउने विश्वास पनि व्यक्त गरे । उनले सुरुङमार्गका प्रसङ्गमा टोखा-छहरे सुरुङमार्ग चाँडो कार्यान्वयनमा आउने आशा पनि व्यक्त गरे ।

त्यसवार्ताका क्रममा चिनियाँ अर्थमन्त्री लिउले नेपालको विकासका क्षेत्रमा चीन सदैव सहयोगी हुन चाहेको उल्लेख गर्दै दुई देशबीचका सहयोग परियोजनाहरू चाँडै कार्यान्वयनमा आउने विश्वास व्यक्त गरेका थिए ।

# मारुतीका सञ्चालकको पक्राउ पूर्जीबारे सिमेन्ट उत्पादक संघको आपत्ति

**काठमाडौं (प्रस)–** मारुती सिमेन्ट उद्योगका सञ्चालकलाई पक्राउ पूर्जी जारी गरिएको घटनाप्रति नेपाल सिमेन्ट उत्पादक संघले आपत्ति जनाएको छ । संघले बिना कुनै अनुसन्धान कुनै व्यक्तिले घर बनाउँदा-बनाउँदै भत्किएको घटनामाथि थप अनुसन्धान नगरी उजुरीकै आधारमा पक्राउ पूर्जी जारी गरिएको भन्दै आपत्ति जनाएको हो ।

सोही उजुरीका आधारमा उद्योगका सञ्चालकसहित दुई दर्जन व्यक्तिविरुद्ध पक्राउ पूर्जी जारी भएको थियो । प्रहरीले सोही घटनामा कम्पनीका बिजेनस डाइरेक्टर ज्योति शर्मालाई पक्राउ गरेको छ । पूर्वाधार निर्माणमा सिमेन्टको मात्रै भूमिका नहुने भन्दै अन्य निर्माण सामग्रीको प्रयोगलगायत प्रविधिक विषयमा अनुसन्धान नगरी एकपक्षीय रूपमा उद्योगीलाई निसाना बनाइएको संघको भनाइ छ । उद्योगीलाई अनावश्यक दुःख दिने उद्देश्यले पक्राउ पूर्जी जारी भएको विरोध भएपछि प्रशासन दबाबमा परेको थियो ।

कुनै व्यक्तिले विषयलाई अन्यत्र मोडेर निहित स्वार्थको लागि दिएको उजुरीको आधारमा अर्बौंको लगानी गर्ने करोडौं राजस्व र हजारौंलाई रोजगारी दिने उद्यमी व्यवसायीलाई थुन्ने तथा पक्राउ पूर्जी जारी गर्ने जस्ता कार्य गर्नु समग्र औद्योगिक वातावरणमा नकारात्मक असर पर्ने संघको भनाइ छ । गुणस्तरसम्बन्धी विषयमा आकर्षित हुने कारबाही सम्वन्धित ऐन नियम अनुसार नै हुनुपर्ने कानुनी व्यवस्थालाई विषयान्तर गरी ठगी (अपराधिक) मुद्दा दर्ता गरी पक्राउ पुर्जी जारी गरिनु उद्योगीलाई पक्राउ गर्ने जस्ता क्रियाकलापले लगानीकर्ता हतोत्साही हुने र यस्ता क्रियाकलापवाट देशलाई फाइदा नहुने संघको दाबी छ ।

# विदेशमा जानेले ५ प्रतिशत कर तिर्नुपर्ने

**काठमाडौं (प्रस)–** आन्तरिक राजस्व विभागले वैदेशिक पर्यटन शुल्कसम्बन्धी कार्यविधि, २०८० जारी गरेको छ । आर्थिक ऐन, २०८० को दफा २२ मा विदेशमा पर्यटन भ्रमणका लागि जाने नेपाली पर्यटकले गर्ने भुक्तानी रकममा पाँच प्रतिशतका दरले वैदेशिक पर्यटन शुल्क लाग्ने उल्लेख थियो । 'वैदेशिक भ्रमणको प्याकेज बिक्रेताले प्याकेज बिक्रीका बखत विदेशमा पर्यटन भ्रमणका लागि जाने नेपाली पर्यटकले गर्ने भुक्तानी रकममा पाँच प्रतिशतका दरले शुल्क लगानी असुल गर्नुपर्नेछ', कार्यविधिमा भनिएको छ, 'फर्म वा कम्पनीले व्यवसाय प्रवर्द्धनका सिलसिलामा आफुसम्बद्ध प्राकृतिक व्यक्तिलाई वैदेशिक भ्रमणमा लैजाँदा लाग्ने खर्च रकममा लेखांकनका बखत पाँच प्रतिशतका दरले शुल्क असुल गर्नुपर्नेछ ।'

प्याकेज बिक्रेता वा भ्रमणमा लैजाने फर्म तथा कम्पनीले यस्तो शुल्क करदाता सेवा कार्यालय, आन्तरिक राजस्व कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय र ठूला करदाता कार्यालयमा बुझाउन सक्नेछन् । कार्यविधिअनुसार शुल्क असुल गर्ने र राजस्व खातामा दाखिल गर्ने प्रयोजनका लागि स्थायी लेखा नम्बर लिएको व्यक्तिले अलग्गै दर्ता गर्नुपर्ने छैन । प्याकेज बिक्रेता वा भ्रमणमा लैजाने फर्म तथा कम्पनीले संकलन गरेको शुल्क सम्बन्धित कार्यालयको कोड र तोकिएको राजस्व शीर्षकमा अर्को महिनाको २५ गतेभित्र दाखिल गरिसक्नुपर्ने व्यवस्था कार्यविधिमा राखिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ